# आर्थिक वर्ष २०७९/०८० को बजेट बक्तव्य

## गुराँस गाउँपालिका

## दैलेख

## कर्णाली प्रदेश

## २०७९

गुराँस गाउँपालिका, दैलेख

गाउँ सभाको बैठकमा मिति २०७९ असार २९ गते बुधबार

उपाध्यक्ष श्री शिवा कुमारी खड्का ज्यूले

प्रस्तुत् गर्नु भएको

# आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्य

**गुराँस गाउँपालिका**

**दैलेख**

**कर्णाली प्रदेश**

**२०७९**

गुराँस गाउँपालिका, दैलेख

**सभा अध्यक्ष ज्यू ,**
**तथा गाउँ सभाका सदस्य ज्यूहरु,**

१. सार्वभौम सत्ता सम्पन्न नेपाली जनताको बलिदानीपूर्ण संघर्ष र विभिन्न समयका राजनीतिक आन्दोलनबाट प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्न संविधान सभाबाट निर्मित नेपालको संविधान २०७२ अनुसार गठित यस गुराँस गाउँपालिकाको नवनिर्वाचित जनप्रतिनिधिहरुको सार्वभौम थलो गाउँ सभामा ***"सुख, समृद्धिका लागि शासकीय सुधारः हातेमालो गरी फेरौं गुराँसको मुहार"*** भन्ने मुल नाराका साथ गुराँस गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई खुशि लागेको छ ।

२. यस अवसरमा स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा आफ्नो अमुल्य मत प्रदान गरी गुराँस गाउँपालिकाको विकास र समृद्धिको नेतृत्व गर्नका लागि हामीलाई निर्वाचित गराउनु हुने सम्पूर्ण जनसमुदायलाई म हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

३. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्नका लागि आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात महान शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । यसैगरी, आन्दोलनका क्रममा वेपत्ता, घाइते र अपाङ्गता भएका व्यक्तिहरु, ज्यानको बाजी लगाएर आन्दोलनमा सहभागि भई महत्वपुर्ण योगदान पुऱ्याउनु हुने सबै प्रति उच्च सम्मान व्यक्त गर्न चाहान्छु ।

४. साधन स्रोत सिमित छ । आवश्यकताहरु असिमित छन् । स्रोत साधन र आवश्यकता बिचको खाडलले गर्दा हाम्रा सबै आवश्यकता योजना, कार्यक्रम र सीमित बजेटले पूर्ण सम्बोधन गर्न सक्दैन । उत्पादन मार्फत रोजगारी सिर्जना र गरिबीको अन्त्य, जनताका जनजीविकाका सवाललाई सम्बोधन हुने गरी बजेट तथा कार्यक्रम प्रस्तुत गर्नु हाम्रो दायित्व सम्झेका छौं । शिक्षा, कृषि, स्वास्थ्य, पर्यटन, उत्पादन र रोजगारी यस बजेटका मुख्य प्राथमिकता हुन् ।

५. बजेट तर्जुमा गर्दा नेपालको संविधान, संघिय र प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, दिगो विकासका लक्ष्यहरु, पन्ध्रौं योजना, कर्णाली प्रदेश प्रथम पञ्चवर्षिय योजनाको आधारपत्र, गुराँस गाउँपालिकाको आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम, विभिन्न विषयगत शाखाबाट प्राप्त सुझाव, शिक्षक, बुद्धिजीवि, कर्मचारी, व्यापारी, राजनीतिक दलका घोषणापत्र, पूर्व जनप्रतिनिधिका सुझावका साथै विज्ञहरुको सुझाव मार्गदर्शनलाई प्रमुख आधार बनाइएको छ ।

६. आर्थिक वर्ष २०७९/०८० को बजेट प्रस्तुत गर्नु अघि आर्थिक वर्ष २०७८/०७९ को यस गुराँस गाउँ पालिकाको बजेट कार्यन्वयन र राजश्वको अवस्था प्रस्तुत गर्न चाहन्छु ।

७. आर्थिक वर्ष २०७८/०७९ का लागि आन्तरिक राजश्वको प्रक्षेपण रु. ३ करोड ८६ लाख ९१ हजार गरिएकोमा हालसम्म रु. ५४ लाख ५२ हजार ७ सय १६ मात्र संकलन भएको छ ।यो अनुमानको १४.१९ प्रतिशत हो ।

गुराँस गाउँपालिका, दैलेख

८. आर्थिक वर्ष २०७८/०७९ मा संघिय वितिय समानीकरण अनुदान रु. ९ करोड ७२ लाख विनियोजन भएकोमा सतप्रतिशत प्राप्त भएको छ ।संघिय सरकार राजश्व बाँडफाँडमा ७ करोड ६२ लाख ३५ हजार विनियोजन भएकोमा रु. ७ करोड ४० लाख ८६ हजार ३ सय ३१ प्राप्त भएको छ । संघिय समपूरक अनुदान रु.१ करोड २४ लाख विनियोजन भएकोमा रु. ४३ लाख ८० हजार ५ सय ३० प्राप्त भएको छ। संघिय सशर्त अनुदान रु.२३ करोड ८५ लाख विनियोजन भएकोमा रु.२८ करोड ४६ लाख ५२ हजार प्राप्त भएको छ ।चालु तर्फ ९८.६९ प्रतिशत र पुँजिगत तर्फ ८२.२७ प्रतिशत खर्च भएको छ ।

प्रदेश सरकार तर्फ प्रदेश वितिय समानिकरण अनुदान रु. १ करोड १ लाख ६९ हजार विनियोजन गरेकोमा सतप्रतिशत प्राप्त भएको छ । प्रदेश सरकार राजश्व बाँडफाडमा रु. १२ लाख विनियोजन भएकोमा रु. ११ लाख २ हजार प्राप्त भएको छ । प्रदेश सशर्त अनुदान रु. १ करोड ३९ लाख ५५ हजार विनियोजन भएकोमा रु. १ करोड ८९ हजार प्राप्त भएको छ । प्रदेश विशेष अनुदान रु. १ करोड विनियोजन भएकोमा रु. ३० लाख प्राप्त भएको छ। प्रदेश समपूरक अनुदान रु. १ करोड विनियोजन भएकोमा रु.३३ लाख ३३ हजार ३ सय ३२ प्राप्त भएको छ । मुख्यमन्त्री रोजगार कार्यक्रममा रु. ३ करोड विनियोजन भएकोमा शत प्रतिशत प्राप्त भएको छ ।

यसरी आ.व. २०७८/७९ मा कुल बजेटमा चालु तर्फ ९५.१६ प्रतिशत र पुजिगत तर्फ ७१.८२ प्रतिशत बजेट खर्च भएको जानकारी गराउँदछु ।

**सभा अध्यक्ष ज्यू ,**
**तथा गाउँ सभाका सदस्य ज्यूहरु,**

९. अब म आर्थिक वर्ष २०७९/०८० को बजेटका उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

क) कृषि क्षेत्रको आधुनिकीरकण गर्दै कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

ख) सबल वातावरणमैत्री र दिगो पूर्वाधार विकास गर्ने ।

ग) पर्यटकीय क्षेत्रको पहिचान विकास र प्रचार प्रसार मार्फत रोजगारी सिर्जना गर्ने ।

घ) शैक्षिक गुणस्तर अभिवृद्धि गर्न शैक्षिक पूर्वाधार विकास र प्रविधिमैत्री शिक्षमा जोड दिने ।

ङ) सबै जनतामा सहज र सुलभ स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गर्न स्वास्थ्य संस्थाहरुको स्तरोन्नती गरिनेछ ।

च) उद्यम र उद्यमशिलताको विकास मार्फत स्वरोजगारका अवसरहरु सिर्जना गरिनेछ ।

१०. बजेटका उल्लेखित उद्देश्यहरु प्राप्त गर्न देहाय अनुसारका बजेटका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छुः

गुराँस गाउँपालिका, दैलेख

क) कृषकहरुलाई यान्त्रिक उपकरणहरु हस्तारण गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गरी उत्पादित कृषिजन्य उपजहरुको बजारीकरणको व्यवस्था गर्ने,

ख) आयोजना पूर्वाधार निर्माण गर्दा प्रारम्भिक वातारणिय प्रभाव मूल्याङ्कन गरी वातावरणमैत्री दिगो पूर्वाधार विकासलाई प्राथमिकता दिने,

ग) संभावित पर्यटकीय गन्तव्य स्थलहरुको पहिचान, संरक्षण र विकासमा जोड दिनुका साथै पर्यापर्यटन विकासलाई जोड दिने,

घ) सबै सामुदायिक विद्यालयहरुमा आवश्यकताका आधारमा शैक्षिक तथा भौतिक पूर्वाधार निर्माण गरी शैक्षिक गुणस्तर अभिवृद्धिका कार्यक्रमहरु संचालन गर्ने,

ङ) सबै स्वास्थ्य संस्थाहरुमा औषधि उपकरणको पर्याप्त व्यवस्था गर्ने, स्वास्थ्यकर्मीहरुको दक्षता एवं क्षमता अभिवृद्धि गर्न तालिमा संचालन गर्ने,

च) मेडपा कार्यक्रम मार्फत उद्यमशिलता विकास कार्यक्रम संचालन गर्नुका साथै सफल उद्यमीहरुलाई प्रोत्साहत गर्ने र श्रम बैंक मार्फत अधिकाधिक बेरोजगार युवाहरुलाई रोजगारीका अवसरहरु सिर्जना गर्ने,

छ) सडक, उर्जा, खानेपानी, सिचाइ लगायतका पूर्वाधार विकास गर्ने,

ज) सुशासन र सदाचार प्रवर्द्धन गर्ने,

**सभा अध्यक्ष ज्यू ,**
**तथा गाउँ सभाका सदस्य ज्यूहरु,**

११. अब म यस सम्मानित सभा समक्ष आगामी आर्थिक वर्षको बजेटका कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्दछु ।

## पूर्वाधार विकास तर्फः

१. प्राथमिकता प्राप्त क्षेत्रमा श्रोतको सुनिश्चिता र पूर्वाधार निर्माण कार्यलाई भनसुन र पहुँचका आधारमा नगरी विधि र वस्तुनिष्ट एवं मागमा आधारित बनाउनका लागि **परियोजना बैंक** निर्माण गरिनेछ। परियोजना बैंकमा रहेका योजनाहरुको निर्माण तथा मर्मतका लागि **गुराँस श्रम बैंक**को स्थापना गरिनेछ जसको लागि रु. १ करोड विनियोजन गरेको छु ।

२. केराघारी कर्णाली जोड्ने सडक, काउले देखि बान्द्रे जोडने सडक, सानाकाँडा देखि बाहुन टोल जोड्ने सडक, उल्लेरी देखि काउली वन सडक, रेग बगौरा सडक, रतिखोला अस्पताल देखि सियाकोट जोड्ने सडक, पुनाकोट कृषि सडक, पोखरा चौर किमुखोला सडक, छोटे पोखरा माइस्थान सडक लगायका ग्रामिण एवं कृषि सडकहरुको निर्माण तथा स्तरोन्नती गरिनेछ जसका लागि रु. ५३ लाख विनियोजन गरेको छु ।

गुराँस गाउँपालिका, दैलेख

३. **"हामी बनाउँछौ हाम्रो सडक"** को मुल नारालाई आत्मसाथ गर्दै पालिकाका भित्रि सडकहरुको स्तरोन्नतीका लागि प्रधानमन्त्री, मुख्यमन्त्री रोजगार कार्यक्रम र गुराँस श्रम बैंकमा आवद्ध श्रमिकलाई परिचालन गरि बाहै महिना सञ्चालनमा आउने गरि कार्य अघि बढाउन आवश्यक बजेट व्यवस्था गरेको छु ।

४. जयजनता मा.वि. को अधुरो भवन, निर्माणधिन वडा कार्यालय भवनहरु, सरस्वती मा.वि. पातिकान्ला ट्रष्ट निर्माण, स्वास्थ्य चौकी लालिकाँडाको तला थप शौचालय निर्माण, स्वास्थ्य खोप केन्द्र मर्खे निर्माण, रानीमत्ता प्रहरी चौकी घेराबार, प्रहरी चौकी धरमपोखरा फिल्ड निर्माणका कार्य अगाडी बढाउन आवश्यक बजेट व्यवस्था गरेको छु । यसका लागि रु. ४५ लाख विनियोजन गरेको छु ।

५. यस पालिका भित्र खरको छाना भएका घरहरुलाई जस्तापाताले विस्थापित गर्न आ.व.२०७९/८० लाई **"खरको छाना मुक्त, घर परिवार ढुक्क"** अभियान वर्षको रुपमा मनाइनेछ। यसका लागि ६०० भन्दा बढी घरलाई खरको छाना मुक्त गराउन पुग्ने गरी आवश्यक बजेट संघीय विशेष अनुदान अन्तर्गत रु. ३ करोड र संघिय सशर्त अनुदान अन्तर्गत रु. ४२ लाख गरी कुल रु. ३ करोड ४२ लाख विनियोजन गरिएको छ ।

६. मिलन चोक ट्रष्ट पुल निर्माणको कार्यसम्पन्न गरी संचालनमा ल्याइनेछ जसका लागि संघिय सशर्त अनुदान मार्फत रु. ३० लाख विनियोजन गरिएको छ ।

## *आर्थिक विकास तर्फ*

**क) कृषि**

१. **"कृषक संग अध्यक्ष"** कार्यक्रम अन्तर्गत एक व्यवसायी कृषक एक सिचाइ पोखरी, रैथाने बिउ संरक्षण, बाँझो जग्गा प्रयोग उत्पादन सहयोग, एक घर एक बगैचा कार्यक्रम (सुन्तला, कागती, किबी, ओखर, एभोकाडो, आँप, लिचि लगायत फलफुलका बिरुवा वितरण), कृषि पकट क्षेत्र माटो परीक्षण कार्यक्रम, कृषि प्रदर्शनी तथा उत्कृष्ट कृषक सम्मान कार्यक्रम, आधुनिक कृषि यान्त्रीकरण कार्यक्रम, जैविक मल तथा प्राङ्गारिक मल उत्पादन केन्द्र निर्माण, नदि किनारमा कृषि कृषकको आय वृद्धि कार्यक्रम लगायका कार्यक्रमहरु संचालन गरिने छ । जसका लागि रु. ४० लाख विनियोजन गरेको छु ।

**ख) सिचाई**

१. माथिल्लो सेप्टि सिचाइ योजना, सालतडा सिचाइ योजना, फेरिखेत सिचाइ योजना, सेरी सिचाई योजना, काउलाखोला पुरैनी बान्द्रे सिचाइ योजना, लडेतडा बाँसखोला सिचाइ योजना लगायतका सिचाइ योजना निर्माण तथा संचालन गरिनेछ । यसका लागि रु. ३६ लाख विनियोजन गरेको छु ।

गुराँस गाउँपालिका, दैलेख

**ग) पशुपालन**

१. पशु स्वास्थ्य शिविर संचालन, गोठ तथा भकारो सुधार कार्यक्रम (प्रति वडा ५ वटा), कृषि तथा पशु विमा साझेदारी, मल बिउ खरिद तथा विक्रि केन्द्र स्थापना लगायतका कार्यक्रमहरु संचालनका लागि रु. १० लाख विनियोजन गरेको छु ।

***घ) उद्योग तथा वाणिज्य***

१. "**उपाध्यक्ष उद्यमी कार्यक्रम**" अन्तर्गत उत्कृष्ट उद्यमी सम्मान तथा सिप प्रदर्शनी कार्यक्रम, कन्क्रिट इट्टा बल्क स्लेट र नेपाली कागज उद्योग संचालन साझेदारी, वैदेशिक सीप पुनःस्थापना कार्यक्रम, गुराँस औद्योगिक ग्राम स्थापनाका लागि रु. ३६ लाख ६९ हजार विनियोजन गरेको छु ।

**ङ) पर्यटन**

१. गुराँस संरक्षण सचेतना कार्यक्रम, गुफा संरक्षण तथा धार्मिक पर्यटन प्रवर्धन, तल्लो डुङ्गेश्वर राफ्टिङ्ग संचालन साझेदारी, गुराँस संग्राहलय तथा कोशेली घर स्थापना, रानीमत्ता जीपलाइन, एकीकृत पर्यटकिय सर्किट निर्माण अध्ययन, अतिथि गृह तथा होम स्टे संचालन लगायतका पर्यटन प्रवर्धनका कार्यक्रमहरु संचालन गरिनेछ जसका लागि रु. ३७ लाख विनियोजन गरेको छु ।

२. पालिका भित्रका विभिन्न क्षेत्रमा बाह्य लगानी भित्र्याउनका लागि गुराँस लगानी सम्लेन आयोजना गरिनेछ । जसका लागि रु. ५ लाख विनियोजन गरेको छु ।

**च) सहकारी तथा वित्तिय सेवा**

१. सहकारी संस्थाहरुको क्षमता विकास र गाउँ गाउँमा सहकारी, घरघरमा रोजगारी कार्यक्रम संचालन गरिनेछ जसका लागि रु. ४ लाख विनियोजन गरेको छु ।

**छ) भू- उपयोग**

१. सार्वजनिक ऐलानी जग्गा संरक्षण कार्यक्रम र सार्वजनिक/बाँझो जग्गाको व्यवसायीकरण गरिनेछ । जसका लागि रु. ६ लाख विनियोजन गरेको छु ।

**सभा अध्यक्ष ज्यू ,**
**तथा गाउँ सभाका सदस्य ज्यूहरु,**

## ***सामाजिक विकास***

**क) शिक्षा**

गुराँस गाउँपालिका, दैलेख

१. हरियाली विद्यालय विशेष कार्यक्रम, कक्षा १ देखि ८ सम्मको लागि स्थानीय पाठ्यक्रम/पाठ्यपुस्तक छपाइ, शान्ति मा.वि. सेरी पढ्दै कमाउदै कार्यक्रम, उपाध्यक्षको इच्छा-छोरी बुहारीलाई उच्च शिक्षा कार्यक्रम तथा गुराँस छात्रावृत्ति कोष स्थापना, शिव प्रावि ठाँटी ICT, मालिका मावि फिल्ड निर्माण, एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) तालिम, डाक्टर, पाइलट, चाटर एकाउन्टेन्ट र इन्जिनियर पढ्ने गरिब तथा जेहान्दार विद्यार्थीलाई उच्च शिक्षा छात्रावृत्ति प्रोत्साहन कार्यक्रम लगायतका कार्यक्रमहरु संचालन गरिनेछ जसका लागि रु. ४४ लाख ५० हजार विनियजन गरेको छु ।

२. हाम्रो विद्यालय राम्रो विद्यालय (घेराबार, फिल्ड निर्माण तथा बगैचा निर्माण), पातिकान्ला क्याम्पस संचालनका लागि संभाव्यता अध्ययन, कालिका मावि दश जोड दुई कक्षा संचालनका लागि पूर्वाधार निर्माण, विभिन्न विद्यालयमा फर्निचर व्यवस्थापन, १६ वटा प्रा.वि. विद्यालयमा इ-लाइब्रेरी स्थापनाका लागि डेस्कटप प्रिन्टर सहयोग कार्यक्रम, लक्ष्मी मावि रतिखोला ट्रष्ट निर्माण लगायतका विद्यालय पूर्वाधारहरुको निर्माण कार्यक्रम संचालनका लागि रु. ४५ लाख विनियोजन गरेको छु ।

**ख) स्वास्थ्य**

१. गर्भवती सँग उपाध्यक्ष कार्यक्रम, गुराँस अस्पताल फार्मेसी संचालन, जेष्ट नागरिक जहाँ स्वास्थ्य कर्मी त्यहाँ घुम्ती शिविर संचालन, दिर्घ रोगी र गरीब परिवार औषधी उपचार सहयोग तथा महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन, गुराँस अस्पताल घेराबार कार्यक्रमका लागि रु. २६ लाख विनियजन गरेको छु ।

२. दलित तथा एकल महिला घरमुली हुने बेरोजगार परिवारका सम्पूर्ण सदस्यहरुको निशुल्क स्वास्थ्य विमा गरिनेछ । जसका लागि रु. १० लाख विनियोजन गरेको छु ।

**ग) खानेपानी तथा सरसफाई**

१. मेलसैना खानेपानी योजना पुनाकोट, लुवाखोला जलुकेन खानेपानी योजना, झाजे भिउचुला लिफ्टिङ्ग खानेपानी योजना क्रमागत, पानीखोला देखि भैरवस्थान खानेपानी योजना, खुम खानेपानी योजना, भालुधुला लिफ्टिङ्ग खानेपानी योजना क्रमागत, परिगाउँ लिफ्टिङ्ग खानेपानी योजना क्रमागत, टोप्का छहरे खानेपानी योजना मर्मत, पानीखोला खड्कबाडा टोल खानेपानी योजना लगायतका खानेपानी योजनाहरुको निर्माण सम्पन्न गरिनेछ । जसका लागि रु. ७९ लाख विनियोजन गरेको छु ।

२. पालिका भित्र रहेको खानेपानी समस्या समाधानका लागि संघिय सशर्त अनुदान अन्तर्गत गुराँस वृहत खानेपानी आयोजना वडा नं. ६, ७ र ८, पाङ्ग्रेगैरा खानेपानी योजना गुराँस ४, भाँडेगैरा खानेपानी योजना गुराँस ४ र ५, भित्रि खोला आयोजना वडा नं. ४, मर्खे खानेपानी योजना गुराँस- ७ संचालन गरिनेछ जसका लागि रु. ७२ लाख विनियोजन गरिएको छ ।

**घ) संस्कृति प्रवर्द्धन**



गुराँस गाउँपालिका, दैलेख

१. पञ्चेबाजा संरक्षण सहयोग कार्यक्रम, आरन व्यवसाय सहयोग कार्यक्रम, राउटे कला संस्कृति संरक्षण संग्राहालय स्थापना, कला भाषा तथा संस्कृति प्रवर्द्धन कार्यक्रमका लागि रु. १० लाख विनियोजन गरेको छु ।

**ङ) लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण कार्यक्रम**

१. जोखिम बालबालिका संरक्षण तथा जीवन सुरक्षा कोष कार्यक्रम र यौनिक अल्पसंख्यक तथा सीप विकास तथा स्वरोजगार कार्यक्रम संचालन गरिनेछ जसका लागि रु. २७ लाख विनियोजन गरेको छु ।

**च) युवा तथा खेलकुद**

१. खेलाडि प्रोत्साहत तथा सहयोग कार्यक्रम, अध्यक्ष कप रनिङ्ग शिल्ड खेलकुद संचालन गरिनुका साथै युवा क्लब संथापना तथा नमुना युवा संसद गठन गरिनेछ जसका लागि रु. ८ लाख ५० हजार विनियोजन गरेको छु ।

## *वन तथा वातावरण*

१. **"वन जङ्गल जोगाउँ हरियाली जोगाउ"** अभियान, गुराँसको धन आयमुलक वन कार्यक्रम, आपतकालीन कार्य संचालन केन्द्र, गुराँसे लगायतका बजार क्षेत्रमा फोहरमैला व्यवस्थापन कार्यक्रम संचालन गर्नका लागि रु. २० लाख विनियजन गरेको छु ।

## *सुशासन तथा संस्थागत विकास*

१. कार्यालयको सुशासन तथा संस्थागत विकास गरी सार्वजनिक सेवा प्रवाहलाई चुस्त दुरुस्त, पारदर्शी , सेवाग्राही मैत्री, प्रविधिमैत्री र जनमुखी बनाउनका लागि गाउँपालिका कार्यालय फर्निचर व्यवस्थापन, सार्वजनिक सुनुवाई, गुराँस प्रहरी तथा शान्ति सुरक्षा व्यवस्थापन, ढुवानी तथा अनुगमन सवारी साधन खरीद लगायतका कार्यक्रमहरु संचालन गरिनेछ जसका लागि रु. ५७ लाख विनियोजन गरेको छु ।

## *लोक कल्याणकारी कार्य*

१. जेष्ठ नागरिक मिलन केन्द्र स्थापना, दुर्व्यसनी पुनः स्थापना केन्द्र स्थापना, गुराँस ग्रामिण सुलभ बस सेवा संभाव्यता अध्ययन लगायतका लोककल्याणकारी कार्यक्रमहरु संचालन गरिनेछ ।जसका लागि रु. १४ लाख ५० हजार विनियोजन गरेको छु ।

## *समपुरक साझेदारी तथा भुक्तानी बाँकी*

१. गाउँपालिका प्रशासकीय भवन, कृषि क्याम्पस धरमपोखरा साझेदारी, गुराँस अस्पताल आवास भवन निर्माण साझेदारी, स्वास्थ्य इकाइ भवन निर्माण वडा नं. २ र वडा नं. ८ र अन्य साझेदारी कार्यक्रम संचालन गर्नका लागि रु. २ करोड २१ लाख ३६ हजार विनियोजन गरेको छु ।

गुराँस गाउँपालिका, दैलेख

।

## *वडा कार्यालय तर्फ विनियोजित*

१. वडा समितिको निर्णयका आधारमा सम्बन्धित वडा भित्रका योजना तथा कार्यक्रमहरु छनौट गरी संचालन गर्नका लागि रु. ३ करोड विनियजन गरेको छु ।

## *विकास साझेदार संघ संस्था*

१. पालिकाको सामाजिक, आर्थिक, भौतिक पूर्वाधार लगायतका हरेक आयाममा महत्पूर्ण सहयोग गरिरहेका विकास साझेदार संघ संस्थाबाट रु. ५ करोड ९३ लाख प्राप्त हुने प्रतिवद्धता तथा कार्यक्रम पेश भएको छ । विकास साझेदार विभिन्न गैर सरकारी संघ संस्थासँगको साझेदारीमा विभिन्न कार्यक्रमहरु संचालन गर्नका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

## *करको दर र दायरा*

नेपालको संविधान, २०७२ अनुसार स्थानीय तहको एकल अधिकार क्षेत्र भित्रका विषयमा पालिकाले लगाउदै आएको करको दर र दायरामा हेरफेर गरेको छु । जनताको माग, कर तिर्न सक्ने क्षमता र प्रगतिशिल करको सिद्धान्तलाई आत्मसात गर्दै पालिकाले लगाउदै आएको सम्पति कर, भुमिकर, व्यवसाय कर लगायतका क्षेत्रमा करको दर घटाएको छु भने कर राजश्व, गैर कर राजश्व, सेवा शुल्क, दस्तुर लगायतका राजश्वका स्रोतको पहिचान गरी करका दायरा बढाएको छु ।

**सभा अध्यक्ष ज्यू ,**
**तथा गाउँ सभाका सदस्य ज्यूहरु,**

१२. आगामी आर्थिक वर्षमा प्रस्ताव गरिएका कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्नका लागि गाउँपालिकाको सञ्चित कोषमा रु. ५४ करोड ११ लाख २८ हजार विनियोजन गरेको छु ।सञ्चित कोष र संघ संस्था समेत गरी गुराँस गाउँपालिकाको कुल ***बजेट रु. ६० करोड ४ लाख २८ हजार*** यस सभामा पेश गर्दछु । जस मध्ये चालु तर्फ  अर्थात ३९ करोड ७३ लाख ४९ हजार अर्थात ६६.१८ प्रतिशत रहेको छ । पुजिगत तर्फ २० करोड ३० लाख ७९ हजार अर्थात ३३.८२ प्रतिशत रहेको छ ।

१३. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये संघिय वित्तिय समानीकरण तर्फ रु. १० करोड ४६ लाख, संघिय सरकार राजश्व बाँडफाँड रु. ९ करोड २३ लाख ५० हजार, संघीय समपूरक अनुदान रु. ५० लाख, संघीय सशर्त अनुदान रु. २५ करोड ५२ लाख, संघिय विशेष अनुदान रु. ३ करोड, प्रदेश सरकार वित्तिय समानीकरण रु. १ करोड १ लाख ६९ हजार, प्रदेश सरकार राजश्व बाँडफाँड रु. ९ लाख ९४ हजार, प्रदेश सशर्त अनुदार रु. २ करोड ७३ लाख ९० हजार, आन्तरिक श्रोत

गुराँस गाउँपालिका, दैलेख

रु. १ करोड ५४ लाख २५ हजार र विभिन्न गैर सरकारी संघ संस्थाहरुबाट रु. ५ करोड ९३ लाख गरी जम्मा रु. ६० करोड ४ लाख २८ हजार अनुमान गरिएको छ ।

१४. योजना तथा कार्यक्रमहरुको विस्तृत विवरण अनुसूचि-१ मा उल्लेख गरेको व्यहोरा यस सभामा अवगत गराउन चाहान्छु ।

१५. आ.व. २०७९/०८० को बार्षिक नीति, कार्यक्रम र बजेट निर्माणमा सहयोग गर्ने राजनीतिक दल, बुद्धिजीवि, पूर्व जनप्रतिनिधि, नवनिर्वाचित जनप्रतिनिधि, विभिन्न संघ संस्थाका प्रतिनिधि, नागरिक समाज, शिक्षक, पत्रकार, संचारकर्मी र दिन रात नभनि अहोरात्र आफ्नो काममा खटिने राष्ट्रसेवक कर्मचारी लगायत प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्ने सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । धन्यवाद ।

गुराँस गाउँपालिका, दैलेख